परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक २९ २०७९ फागुन ञ्ढ गते आईतवार Sunday 26, FEB 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

# राष्ट्रिपति निर्वाचनको लागि पूर्वसभामुख नेम्वाङ र पौडिलको उम्मेदवारी दर्ता

विराटनगर । तेस्रो कार्यकालको लागि अगामी २५ गते हुने राष्ट्रपति निर्वाचनमा पूर्व दुई सभामुखले आ-आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । आठ दलीय गठबन्धनबाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले उम्मेदवारी गर्दा गराएसंगै नेकपा ऐमालेले एक्लै उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई उम्मेदवार वनाएका छन् ।



राष्ट्रपतिका उम्मेदवार नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङ



राष्ट्रपतिका उम्मेदवार नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल

नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दहालले प्रतिनिधी र प्रदेश सभाको निर्वाचनमा नेपाली कांग्रेस लगायतका दलसंग गठवन्ध गरी चुनाव लडेका थिए भने निर्वाचनपछि नेकपा ऐमाले लगायत दलको समर्थनमा दहाल प्रधानमन्त्री वनेका थिए ।

राष्ट्रपति निर्वाचनका लागि राष्ट्र सहमती भन्दै नेकपा ऐमालेलाई छोडेर दहालले आठ दलिय गठवन्धन गरी राष्ट्रपति निर्वाचनको लागि काँग्रेसवाट उम्मेदवारी दर्ता गराएका पौडेललाई समर्थन गर्ने भएको छ ।

राष्ट्रपतिको निर्वाचनको दिन सम्म एमालेले आठ दलीय गठबन्धन भत्काएर आफ्नो पक्षमा नतिजा ल्याउन भरपुर प्रयास गने लाग्ने भएको छ । शनिबार निर्वाचन अधिकृतको कार्यालय नयाँ बानेश्वरमा पुगेर नेम्वाङले उम्मेदवारी दर्ता गराएका हुन् । नेम्वाङको प्रस्तावकमा केपी शर्मा ओली, पृथ्वीसुब्बा गुरुङ, गोकर्णराज विष्ट, रघुबीर महासेठ र छविलाल विक रहेका छन् । यस्तै समर्थकमा योगेश भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो महासेठ, दिलकुमारी रावल थापा र अमन कुमार मास्के रहेका छन् ।

त्यसैगरी राष्ट्रपति पदमा पौडेलको प्रस्तावकमा शेरबहादुर देउवा, माधव कुमार नेपाल, नारायणकाजी श्रेष्ठ, अशोक कुमार राई र अब्दुल खान रहेका छन् । समर्थकमा महन्थ ठाकुर, पूर्णबहादुर खड्का, रञ्जिता श्रेष्ठ, चित्रबहादुर केसी र हितराज पाण्डे रहेका छन् ।

पौडेललाई माओवादी केन्द्र, जसपा, नेकपा एस, नागरिक उन्मुक्ति पार्टी, लोसपा, जनमत पार्टी र राष्ट्रिय जनमोर्चाले समर्थन गरेका छन् ।

राष्ट्रपतिका उम्मेदवार नेम्वाङले आफ्नो नाममा राष्ट्रिय सहमति हुने विश्वासका साथ आफू राष्ट्रपतिको उम्मेदवार भएको वताउँदै आफू सबै हिसावले संविधानको परिपालना गर्न लाग्ने र स्वस्थ प्रतिष्पर्धालाई

वांकी अन्तिम पेजमा...

# हत्यामा संलग्न चारलाई पक्राउ गरी अनुसन्धानको लागि म्यादथप

विराटनगर । मोरंग बुढीगंगा गाउँपालिका वडा नं. २ अमाहीको बस्ने नरसिंह चौधरीका ग्वाहली घरमा मृत फेला परीकी विराटनगर महानगरपालिका वडा नं. १९ की प्रियका सुनारको हत्याका आरोपमा चारजनालाई प्रहरीले पक्राउ गरको छ ।

चौधरीको ग्वाली घरमा प्लाष्टिकको बोरामा लाश छ भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी नायव उपरीक्षक सहितको टोली खटि गई प्रारम्भिक अनुसन्धानको क्रममा पाँचै जनालाई पक्राउ गरको थियो ।

उक्त घटनामा संलग्न रहको आरोपमा मोरङ कटहरी गाउँपालिका वडा नं. ५ बस्ने वर्ष ३५ को उमेश सरदार, बर्ष ६२ को रमानन्द राम, विराटनगर महानगरपालिका वडा नं. ७ बस्ने वर्ष ५३ श्रीराम चौधरी र विराटनगर महानगरपालिका वडा नं.-१९ बस्ने बर्ष २९ को रमेश साह (श्रीमान) लाई प्रहरीले नियन्त्रणमा लिई मोरंग जिल्ला अदालतवाट ज्यान मुद्दमा म्याद थप गराई अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# हात्तीपाईले रोगविरुद्ध औषधी

विराटनगर । हात्तीपाइले रोगविरुद्धको औषधि सेवन गर्दै सम्पूर्ण गाउँवासीलाई औषधी सेवन गर्न जहदा गाउँपालिकाकाउपध्यक्ष हन्न सोरेनले आह्वान गरेका छन् ।

हात्तीपाईले रोग निवारण गर्न सञ्चालन गरेको जिल्लाहरुको अभियानलाई साथ दिएर नेपालबाट हात्तीपाइले रोग निवारण गर्नु जरुरी रहेको भन्दै त्यसका लागि औषधि खान मिल्ने सबै उमेर समूहका व्यक्तिहरू




गाउँवासी लगायत जिल्लावासीमा समेत औषधि सेवन गर्न आह्वान गर्दै गाउँपालिका कार्यालय परिसरमा सञ्चालित स्वास्थ्य केन्द्रमा हात्तीपाइले रोगविरुद्धको औषधि सेवनपछि उपाध्यक्ष सोरेनले सो आह्वान गरका हुन ।

हात्तीपाईले रोग विरुद्धको औषधी सेवन गर्न सरकारले लाई औषधी सेवन गर्न अनुरोध गरको वताए ।

उक्त अवसरमा जहदा गाउँपालिका कार्यकारी प्रमुख, लेखा अधिकृत लगायत कर्मचारीहरु अन्य जनसमुदाय हरुको उपस्थिति रहको थियो । गाउँपालिकामा औषधी सेवनको

वांकी अन्तिम पेजमा...

# मानव अधिकार र ज्यादतीका घटनाहरू सार्वजनिक

विराटनगर । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश कार्यालय विरटनगरले प्रदेश १ मा रहेको १४ जिल्लामा सन् २०२२ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सार्वजनिक गरेका छन ।

प्रदेश १ मा मानव अधिकारको अवस्था बारे पत्रकार हरूसंग गरिएको भेटघाट कार्यक्रममा सो कुरा सार्वजनिक गरेका हुन ।

उक्त मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू सन् २०२२ (सन् २०२२ जनवरीदेखि डिसेम्बर सम्म) मा इन्सेक अभिलेखअनुसार सन् २०२२ मा प्रदेश १ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ९ सय ७० जना पीडित भएको इन्सेक संयोजक सोमराज थापाले वताए ।

उक्त सङ्ख्या गत वर्ष सन् २०२१ भन्दा ५१ जनाले बढी हो । गत वर्ष सन् २०२१ मा ९ सय १९ जना पीडित भएका थिए । यस वर्ष मानव अधिकार उल्लघनका घटनामा राज्य पक्षबाट ५२ जना र अन्य पक्षबाट भएका मानव अधिकारका ज्यादतीका घटनामा ९ सय १८ जना पीडित भएको छ ।

त्यस मध्ये महिला अधिकार उल्लङ्घनका घटनामा ५ सय ५० जना र बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ९९ जना पीडित भएको इन्सेक अभिलेखमा छ ।

प्रदेश १ मा अपहरणका घटनामा दुई जना, गिरफ्तारीका घटनामा २० जना, कुटपिटका ५६ जना, बाल अधिकारका घटनामा २ सय ९९ जना, हिरासतमा मृत्यु एक जना, अमानवीय व्यवहार घटनामा एक जना घाइते ४५ जना हत्या ७४ जना, जातीय विभेद एक जना अभिव्यक्ति मेला तथा सङ्गठित हुने अधिकार ५ जना, धम्की एक जना महिला अधिकारका घटनामा ४ सय ५७ जना र कारागारमा मृत्यु चार जना गरी ९ सय ५० जना पीडित भएका छन ।

प्रदेश १ का १ सय ३७ स्थानीय तहमध्ये ११ स्थानीय तहमा मानव अधिकार उल्लघन तथा ज्यादतीका घटना अभिलेख भएनन् । दमक

वांकी अन्तिम पेजमा...

हार्दिक शुभकामना
हिन्दुहरुको महान चाड होलीपर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
दिनवन्धु गोयल
समाज सेवी एवं उद्योगी

हार्दिक शुभकामना
हिन्दुहरुको महान चाड होलीपर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
विवेक मालपानी
उद्योगी व्यवासयी

हार्दिक शुभकामना
हिन्दुहरुको महान चाड होलीपर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नरेश राठी
उद्योगी व्यवासयी

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## धानकुट्टा...

नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन पनि नगर सभाले स्वीकृत गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबहादुर थापाले जानकारी दिए ।

नगर सभामा नगरप्रमुख, उपप्रमुख, १० वटै वडाका वडाध्यक्ष, वडा सदस्यहरु र कार्यपालिकाका सदस्यहरु सहभागि थिए । गत बैशाख ३० गते स्थानीय तह निर्वाचन भएको थियो । निर्वाचनबाट नगरको दोस्रो कार्यकालका लागि जनप्रतिनिधिहरु चुनिएपछि गत असारमा धनकुटा नगरपालिकाको पहिलो नगर सभा भएको थियो ।

## दर्गम...

नगरपालिका र कालिकोटको मान्मामा निःशुल्क शिविर गरिदैछ । शिविरमा उपचार सम्भव नभएका बिरामीहरुलाई केएमसी र नोबेलमा आवश्यकता अनुसार सबै किसिमको अप्रेशनसहितको निःशुल्क उपचार गरिनेछ । त्यहाँबाट बिरामीहरुलाई अस्पतालसम्म ल्याउँन सम्बन्धित पालिकाहरुले सहयोग गर्ने भएका छन् ।

## मेरो गाउँ...

पहिचान लगायतका बिषयहरु लाई आधार बनाएर भिडियो तयार पार्न सक्नेछन् । वृत्तचित्र अधिकतम ५ मिनेटको हुनु पर्नेछ ।

प्राप्त भिडियोहरुमध्येबाट निर्णायकले छनौट गरेका उत्कृष्ट दशलाई नगदसहित ‘मेरो गाउँ, मेरो ठाउँ’ अवार्ड प्रदान गरिनेछ ।

यसअघि सन् २०२० को भिडियो च्यालेन्जमा सहभागी प्रतियोगिहरुले आफुले पठाइ सकेको भिडियोमा परिवर्तन गर्नुपर्ने आवश्यक ठानेमा सो भिडियो सम्पादन गरी वा नयाँ नै पनि पठाउन सक्नेछन् ।

‘मेरो गाउँ, मेरो ठाउँ २०२३’ प्रतियोगितामा यसअघि सहभागी नभएका नयाँ प्रतिगोगिहरुले समेत सहभागिता जनाउन सक्ने छ ।

सहभागीले फाउण्डेसनको आधिकारिक वेवसाईट मार्फत फर्म भरी सहभागिता जनाउन सक्नेछन् । प्रतियोगितामा सहभागिता लागि कुनै किसिमको शुल्क लाग्ने छैन ।

## राष्ट्रिपति...

सम्मान र जगेर्ना गर्दै देशमा स्वस्थ आधार तयार गर्न आफ्नो भूमिका अहम हुने प्रतिवद्धता नेम्वाङले प्रतिवद्धता जनाए ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पुस १० गतेको सहमति अनुसार नै राष्ट्रपति चयन हुने विश्वास व्यक्त गरेका छन् । आठ दलीय गठबन्धन नरहेको टिप्पणी गर्दै अध्यक्ष ओलीले सहमतिबाट कोही भाग्न नसक्ने पनि बताएका छन् । ओलीले पूर्व सहमतिअनुसार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सहमति अनुसार नै राष्ट्रपतिमा एमाले उम्मेदवार नेम्वाङलाई समर्थन गर्ने समेत विश्वाससमेत व्यक्त गरेका छन् ।

‘हाम्रो उम्मेदवार दाउपेचको होइन, पुस १० गते नै टुङ्गो लागिसकेको हो, हामीले बाहिर नल्याएका मात्रै हौं,’ ओलीले भने, ‘सहमति पूरा गर्नुहुन्छ भन्ने विश्वास लिएका छौं, वचनबाट कोही पनि पछि हट्न सक्दैन ।’ ८ दलीय गठबन्धन नै नबनेको जनाउँदै ओलीले प्रधानमन्त्री कार्यालयमा केही दललाई मात्र बोलाइएको मात्र टिप्पणी गरेका छन् ।

राष्ट्रपति पदको लागि उम्मेदवारी दर्ता गराएसंगै आठदलीय गठवन्धन र नेकपा एमाले आ-आफ्नो उम्मेदवारलार्य विजय गराउन आन्य राजनीतिक दल र राष्ट्रपति निर्वाचनमा मतदाता रहेका राष्ट्रियसभा सदस्य, प्रतिनिधीसभा सदस्य र प्रदेशसभा सदस्यहरुलाई भेटघाट गर्न दौडधुप बढाएका छन् ।

## मानव...

नगरपालिकामा सबैभन्दा बढी ४३ जना पीडित भएको छ भने सय स्थानीय तहमा १ देखि १० जना पीडित भएको, १३ स्थानीय तहमा ११ देखि २० जना पीडित भएको, ११ स्थानीय तहमा २१ देखि ९ जना पीडित भएको, ३० जना भन्दा बढी पीडित रहेका दुई ओटा स्थानीय तह छन् ।

सन २०२२ मा प्रदेश १ मा मोरङको लेटाङमा भएको प्रहरी जवानको हत्या, बालिकामाथिका सामूहिक बलात्कारपछिका श्रृखलावद्ध हत्या र उदयपुरमा स्थानीय तह निर्वाचन ०७२ वैशाख ३० गते प्रहरीको गोली प्रहारबाट भएको मृत्यु घटनाले नागरिकले बाँच्न पाउने अधिकारबाट वञ्चित हुनु परेको दृश्य देखाएको छ ।

सन् २०२२ मा सम्पन्न निर्वाचनसँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र ज्यादतीका १७ घटनामा प्रदेश भित्र ४० जना पीडित भएको, राज्यपक्षबाट भएका पाँच घटनामा ३१ जना र अन्यपक्षबाट भएका तीन प्रकारका घटनामा १६ जना पीडित भएको इन्सेक अभिलेखमा छ ।

इन्सेक प्रदेश १ कार्यालय विराटनगरले यस वर्ष खोटाङमा ६ वर्षअघि शङ्कास्पद अवस्थामा मृत भेटिएका एक जना बालिकासहित दुई जना महिलाको परिवारले न्याय नपाएको विषयमा इन्सेकले पहल गरेको थापाले वताए ।

त्यसैगरी मुलुकभरी सन् २०२२ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यपक्षबाट ६ सय २२ जना तथा अन्यपक्षबाट ६ हजार ७ सय १४ जना गरी जम्मा ७ हजार ३ सय ७६ जना पीडित भए । सन् २०२१ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार २ सय ८५ जना पीडित भएका थिए । गत वर्षभन्दा यो वर्ष १ हजार ९१ जनाले बढी रहेको छ । जसमा मानव अधिकार उल्लङ्घनका घटनामा राज्य पक्षबाट ५० जना महिला र ५ सय ७२ जना पुरुष गरी जम्मा ६ सय २२ जना तथा ज्यादतीका घटनामा अन्य पक्षबाट ५ हजार ९ सय ४४ जना महिला ८ सय ७ जना पुरुष र ३ जना अन्य ( यौनिक अल्पसङ्ख्यका गरी जम्मा ६ हजार ७ सय ५४ जना पीडित भएको अभिलेख रहेको छ ।

यस वर्ष राज्यपक्षबाट १ जना महिला र ४ जना पुरुष गरी ५ जनाको हत्या भयो । यातनाका घटनामा ४ जना गिरफ्तारीका घटनामा ८९ जना, जातीय विभेदका घटनामा २२ जना अमानवीय व्यवहारका घटनामा २५ जना भेला तथा सङ्गठित हुने अधिकारमा ४ सय ५ जना, धम्कीका घटनामा २७ जना र कुटपिटका घटनामा ४ सय ४८ जना पीडित भएको अभिलेख भयो । यस वर्ष बाल अधिकार उल्लघनका घटनामा ए हजार ४ सय १४ जना बालिका र ३५ जना बालक गरी जम्मा १ हजार ४ सय ५३ जना पीडित भए । यस वर्ष महिलामाथि हुने हिंसाका घटनामा ४ हजार २ सय २७ जना पीडित भएको अभिलेख इन्सेकले गरेको छ ।

## हात्तीपाईले...

अभियान समुद्घाटन संगै सातवटै वडामा पनि सोर्हा समयमा औषधी सेवन अभियान समुद्घाटन भएको जहदा गाउँपालिका जनस्वास्थ्य प्रमुख राजकुमार दासले वताए ।

सातवटै वडामा स्वाथ्य कर्मी, महिला स्वास्थ्य स्वयमसेविकाहरूले औषधि खुवाउनेछन् । औषधि खान मिल्ने गाउँवासीको योग्य जनसंख्या मध्ये कम्तीमा ८० प्रतिशतलाई हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने लक्ष्य राखिएको छ । नेपाल सरकारले बिहीबारदेखि हात्तीपाइले रोग देखिएका १५ जिल्लामा सरकारले औषधि सेवन कार्यक्रम सञ्चालन गरेको छ । फागुन २५ गतेसम्म झापा, मोरङ, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, रसुवा, लमजुङ, पर्वत, बागलुङ, कपिलवस्तु, दाङ, बाँके र कैलाली जिल्लामा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियान सञ्चालन गरिनेछ ।

२५ गतेसम्ममा ८४ लाख ९८ हजार ५ सय १ जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ । सरकारले सन् २००३ देखि ६४ जिल्लामा हात्तीपाइल ेविरुद्धको आमऔषधि अभियान सञ्चालन गरेको थियो ।

तीमध्ये ४८ जिल्लामा बिरामी फेला नपरेकाले तिनमा औषधि खुवाउन बन्द गरिसकेको छ । नेपालमा जनस्वास्थ्य समस्याका रूपमा रहेको हात्तीपाइले रोग सरकारले सन् २०२० मै निवारण गर्ने लक्ष्य लिएको थियो । तर नसकेपछि सन् २०३० सम्मको समय थपेको छ ।

# प्रिमियर शो आरकेमलमा

विराटनगर । लामो प्रतीक्षापछि नेपाली कथानक चलचित्र ‘म पर्खिरहन्छु’ को प्रथम प्रदर्शन (प्रिमियर शो) शनिबार विराटनगरमा सम्पन्न भएको छ । इन्द्रेणी कला प्रतिष्ठानको आयोजनामा चलचित्रको प्रिमियर शो सम्पन्न भएको हो ।

विराटनगरका कलाकारहरु बाहुल्य रहेको यो चलचित्र २०७७ सालको नयाँ वर्षमा प्रदर्शनी ( रिलिज) को तयारी भए पनि कोरोना कहरले रोकिएको थियो । पछि नयाँ नेपाली चलचित्रहरुको बीचमा ‘म पर्खिरहन्छु’ ले प्रदर्शनी विराटनगर-८ हाटखोलास्थित आरके महलमा गरिएको थियो ।

नेपाली र मैथिली गरी एक दर्जन बढी चलचित्र निर्देशन गरिसकेका सन्तोष सरकारको कथा, सम्वाद (पटकथा), निर्देशन रहेको ‘म पर्खिरहेको छु’ को निर्मात्री बबिता श्रेष्ठ हुन् ।

नेपाली युवाले भोगेको वास्तविक घटनामा आधारित वियोगान्त कथा रहेको ‘म पर्खिरहेछु’ मा भूपेन्द्र रायमाझी र नषराज घिमिरेको संगीत छ । कथामा वैदेशिक रोजगारीले पारिरहेको सामाजिक समस्या, पारिवारिक विचलन पाइन्छ र यस्तो अवस्थामा समाजलाई सही मार्ग लैजानका लागि गरिएको प्रयास देखिएको छ ।

‘म पर्खिरहेछु’ का प्रमुख कलाकारहरुमा विनोद श्रेष्ठ, कल्पना भट्टराई, पुष्प श्रेष्ठ, प्रवलदीप विश्वास, शारदा आर्यन, प्रमोद श्रेष्ठ, दिनेश कोइराला, डीबी बस्नेत, विनोद दुगड, कृष्ण सुवेदी र महेश सहनी छन् । बाल कलाकारमा बेदिका श्रेष्ठ र शीतला सरकार छन् ।

चलचित्रमा डा विनोद श्रेष्ठ र सुरेश वैद्यको गीतमा रामा मण्डल र मनिषा पोखरेलले स्वर दिएका छन् । कोशी भिजन फिल्म प्रोडक्सन इटहरीको व्यानरमा निर्माण गरिएको ‘म पर्खिरहेछु’ मा राजेश लेप्चा र नविन राईले द्वन्द्व निर्देशन र हेमन्त योञ्जनले सम्पादन छ ।

पूर्वको प्रमुख शहर विराटनगर, इलाम, इटहरी, धरान, धनकुटालगायत पर्यटकीय स्थल जेफाले, डाँडाबजार, कोशी व्यारेज, श्रीअन्तुमा छायाङ्कन गरिएको यस चलचित्रको क्यामराम्यान यज्ञ पराजुली र सुमन तामाङ छन् ।

दुई घण्टा १५ मिनेट समयको यस चलचित्रको सम्पादन गुञ्जन स्टुडियो काठमाडौंमा र अन्तिम सम्पादन म्युजिक हब पोष्ट प्रोडक्सन स्टुडियो ओशीवारा, अन्धरी वेष्ट मुम्बईमा गरिएको अभिनेता डा विनोद श्रेष्ठले जानकारी दिए ।

तपाई निम्नमध्ये कुनै विवाहका साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,
के तापाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक शुभकामना


हिन्दुहरुको महान चाड होलीपर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

संतोष चौधरी
उद्योगी, व्यवसायी

हार्दिक शुभकामना

हिन्दुहरुको महान चाड होलीपर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

परशुराम बस्नेत (अध्यक्ष)
नेपाल खेलकुद महासंघ




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

### भागवण्डाको संस्कारलाई रोकौं

*मूलुकको राजनीतिमा भागवण्डाको संस्कार मौलाई रहको छ। राजनीतिमा लागेका नेताहरुले पदलाई भागवण्डा भन्दा पनि कामको भागवण्डा गर्नु वेस हुन्छ । काममा पनि देशलाई समृद्धि र विकासको बाटोमा लानको लागि प्रतिस्पर्धा गर्नुपर्नेमा सो नभई पदलोलुपताका साथ पदीय भागवण्डामा राजनीतिक दलतका नेताहरु लागेका छन् । के ती पार्टीका नेताहरुको चुनावको वेला जारी गरीएको घोषणापत्रमा भागवण्डामा देश चलाउँछु भनेर लेखिएको छ ? साना साना राजनीतिक दलहरुमा भागवण्डा लगाउनु भन्दा पनि ठूलापार्टीहरु मिलेर देश विकासमा लाग्नु उत्तम हुन्छ ।*

*सत्ता स्वार्थकै लागि समिकरण, गठवन्ध फेरीने नीतीका कारण अहिले देश अस्थिरता तिर गई रहको छ । आफ्नो मुलुकको कार्यकारी पदहरुमा स्वय निर्णयमा पुग्नु पर्नेमा सो नभई विदेशी शक्तिको आडमा सानो दलहरु कहिले यता कहिले उताको संस्कार छोड्नु पर्छ । लोभी पापी जस्तो जतापायो दही च्युरा उतै नै जाने प्रवृतिले मुल्क अन्ततः द्धन्द्धमा जाने वाहेक केही गर्दैन । दुई महिना अगाडी कांग्रेसलाई छाडेर नेकपा एमालेसंग काधमा काध मिलाएर हिन्ने प्रधानमन्त्री प्रचण्ड राष्ट्रपतिको निवोचको लागि उम्मेदवारी दर्ता गर्न नेकपा एमालेको साथ छोडेर फेरी पुरानै गठवन्धमा फिर्किएको छ । जसले गर्दा स्वय नेकपा माओवादी पार्टीको साख जनतामा गिरदैछ ।*

*राष्ट्र सहमतीको रटान लगाउँदा लगाउँदै अहिले र ाष्ट्रपतिको निर्वाचनका लीगि काग्रेस र एमालेका उम्मदवार प्रतिस्पर्धामा उत्रेका छन् । राष्ट्रपतिको निर्वाचन हुने दिन अगामी २५ गते सम्म के हुन्छ र मुख्य शक्तिको रुपमा देखिएको तेस्रो राजनीतिक दल नेकपा माओवादी केन्द्र कता फिर्किन्छ कसैलाई पनि थाहा छैन । फरी पनि गठवन्ध नतोडला र नयाँ गपठवन्ध नवन्ला भन्ने छैन त्यसको लीगि राष्ट्रको निर्वाचन हुने दिन सम्म पर्खिनै पर्छ। सवै राजनीतिक दलहरु देशमा विकास र समृद्धिको लागि प्रतिस्पर्धा गरौ त्यसैमा सवैको कल्यान हुन्छ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# २१ औं शताब्दीमा मातृभाषाको महत्व

**श्रीमन्नारायण**

तत्कालीन पूर्वी पाकिस्तान अर्थात् अहिलेको बङ्लादेशको राजधानी ढाकामा २१ फेब्रुअरी १९५२ मा बङ्लालाई राष्ट्रभाषा बनाउनुपर्ने माग राख्दै भाषिक आन्दोलन भयो। सो प्रदर्शनमा प्रहरीको गोली लागेर धेरै विद्यार्थीले सहादत प्राप्त गरे। संयुक्त राष्ट्र सङ्घले सोही दिनको सम्झनामा प्रत्येक वर्ष मातृभाषा दिवसको रूपमा मनाउँदै आएको छ। २१औं शताब्दीमा पनि मातृभाषाको महत्त्व छ। मातृभूमि, माता र मातृभाषाको महत्त्व कहिल्यै कम हुने छैन।

विश्वका धेरै देशमा अहिले पनि मातृभाषाको विकास, राजकीय संरक्षण र मान्यता दिनुपर्ने विषयलाई लिएर शान्तिपूर्ण प्रदर्शन भइरहेका छन्। हाम्रो देशको संविधानको प्रस्तावनामा पनि नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवं भौगोलिक विविधायुक्त बहुभाषिक राष्ट्रको रूपमा स्वीकार गरिएको छ। तर अझै पनि मातृभाषाहरूको विकास एवं मान्यताको निम्ति यथोचित पाइला चाल्न सकिएको छैन। सरकारले भाषाकर्मीहरूले र सामाजिक सङ्घ, संस्थाका प्रतिनिधिले पनि यस दिशामा धेरै कार्य गर्नुपर्ने आवश्यकता छ।

पञ्चायतकालीन निर्दलीय संविधानमा नेपाली भाषालाई राष्ट्रभाषा मानिएको थियो। यो नै नेपालको निर्विकल्प सरकारी कामकाजको भाषा थियो। सरकारद्वारा घोषित एक भाषा नीतिका कारण नेपालमा बोलिने अन्य भाषाहरू उपेक्षित अवस्थामा थियो। प्रजातन्त्र पुनर्स्थापनापछि २०४७ को संविधानले नेपाली भाषालाई राष्ट्रभाषा र अन्य मातृभाषाहरूलाई राष्ट्रिय भाषका रूपमा मान्यता दिएको थियो तर त्यो संविधानको पानामा मात्रै सीमित थियो। काठमाडौँ महानगरपालिकाले नेवारी तथा राजविराज एवं जनकपुर नगरपालिकाले मैथिली भाषामा कामकाज सुरु गर्न थाल्दा सम्मानित सर्वोच्च अदालतले त्यसमाथि रोक लगाएको थियो।

संविधानको धारा ३१ (५) मा नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायले कानुनअनुसार आफ्नो मातृ भाषामा शिक्षा हासिल गर्न सक्ने छन्।

जनआन्दोलन-२ को सफलतापश्चात् बनेको अन्तरिम संविधानमा मातृभाषा प्रति थप उदारता देखियो। देशका प्रमुख राजनीतिक दलहरू नेपालमा बोलिने मातृभाषाहरूलाई राष्ट्रभाषाका रूपमा पहिचान दिन सामूहिक रूपमा प्रतिबद्धता पनि जनाए। नेपालको संविधान २०७२ लाई निरन्तरता पनि दिइएको छ तर २०७४ मा सम्पन्न निर्वाचनमा देशका प्रमुख राजनीतिक दलहरू मातृभाषाका सम्बन्ध मा उदासिन देखिनुले देशमा मातृभाषाको भविष्य उज्ज्वल नरहेकोतिर सङ्केत गरिरहेको छ। संविधानको धारा ३ मा राष्ट्रको परिभाषामा नेपाललाई बहुभाषिक भनिएको छ। धारा ६ मा नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषाका रूपमा मान्यता दिइएको छ।

धारा ७(१) मा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई सरकारी कामकाज को भाषाको रूपमा मान्यता दिइएको छ। धारा ७(२) मा नेपाली भाषाका अतिरिक्त प्रदेश सरकारहरूले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी राष्ट्रभाषालाई प्रदेशको कानुन बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा रूपमा प्रयोग गर्न सकिने छ भनिएको छ। धारा ७ (३) मा भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारद्वारा निर्णय गरिए अनुसार हुने व्यवस्था छ।

मातृभाषामा शिक्षाको सम्बन्धमा पनि हाम्रो संविधानमा धेरै कुरा उल्लेख भएको पाइन्छ। संविधानको धारा ३१ (५) मा नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायले कानुन अनुसार आफ्नो मातृभाषामा शिक्षा हासिल गर्न सक्ने छन्। यसको निम्ति विद्यालय तथा शैक्षिक संस्थान खोली सञ्चालन गर्न पाउने व्यवस्था छ। त्यसैगरी भाषा र संस्कृतिको हकअन्तर्गत धारा ३२ (१) मा प्रत्येक व्यक्ति तथा समुदायलाई आफ्नो भाषा प्रयोग गर्न पाउने अधिकार प्राप्त हुनेछ भन्ने उल्लेख छ। धारा ३२ (३) ले नेपालमा बसोबास गरिरहेका प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन एवं संरक्षण गर्न पाउने अधिकार दिइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिका र नगरपालिकाको शिक्षासम्बन्धी अधिकारमा मातृभाषामा शिक्षा प्रदान गर्ने विद्यालयको अनुमति, अनुगमन तथा नियमनका साथै भाषा संस्कृतिको संरक्षण एवं विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन तथा अनुगमन एवं नियमन गर्ने जिम्मेवारी दिइएको छ। त्यसैगरी शिक्षा ऐन २०२८ (नवौं संशोधन २०७४)को दफा ७ को उपदफा (१) मा प्राथमिक शिक्षा मातृभाषामा प्रदान गर्न सकिने व्यवस्था छ। तर व्यवहारमा यो लागू भएको छैन। मातृभाषामा प्राथमिक शिक्षालाई अनिवार्य नगरिएसम्म मातृभाषाको संरक्षण र संवर्द्धन सम्भव हुन सक्दैन।

एक वर्षपछि एक जना सदस्य थपिएको छ जब कि समावेशी आधारमा महिलासहित भाषा विज्ञबाट र विज्ञ सूचीमा रहेका विज्ञ र कर्मचारीको मनोनयन बाँकी नै छ।

मातृभाषाप्रति दलहरूको उदासिनताका कारण नै संविधानमा रहेका प्रावधान एवं अधिकारहरूलाई कार्यान्वयनमा ल्याउने काम हुन सकिरहेको छैन। संविधानले सरकारी कामकाजको भाषा देवनागिरी लिपिमा लेखिने नेपाली भाषालाई तोकेको छ। प्रदेशमा भन्ने बहुसङ्ख्यकले बोल्ने एक वा एकभन्दा बढी भाषा प्रदेश कानुन बमोजिम नेपाली भाषाको अतिरिक्त सरकारी कामकाजको भाषा हुन सक्ने प्रावधान राखिएको छ। त्यसका लागि आधार तय गर्ने र सरकारलाई सिफारिस गर्ने जिम्मा भाषा आयोगलाई दिइएको छ। भाषा नीतिसँग सम्बन्धित यस आयोगले एक वर्षमा पनि पूर्णता पाउन सकेन। एक वर्षपछि एक जना सदस्य थपिएको छ जब कि समावेशी आधारमा महिला सहित भाषाविज्ञबाट र विज्ञ सूचीमा रहेका विज्ञ र कर्मचारीको मनोनयन बाँकी नै छ। भाषा आयोगले पूर्णता पाओस् र यसले द्रुतगतिमा आफ्नो कार्यको थालनी गरी सरकारलाई प्रतिवेदन समयमै बुझाओस् भन्ने चिन्ता न त मातृभाषी समुदाय, भाषिक अभियन्ता, भाषाविज्ञ तथा गैरसरकारी सङ्घसंस्थाका अभियन्ताहरूलाई नै छ, न त भाषाको नाममा राजनीति गर्ने जातीय सङ्ठन र राजनीतिक दलहरूलाई नै। सरकारमा जाने एकोहोरो अभियानमा लागेका दलहरू पनि यसमा गम्भीर हुनु आवश्यक छ।

कुनै पनि व्यक्ति आफ्नोपनको अनुभूति मातृभाषामा नै गर्न पाउँछन्। हाम्रो देशमा मातृभाषाहरूको मान्यता र उपयोगको सम्बन्धमा संविधानमा र ऐनमा व्यवस्था भएको पाइए पनि जबसम्म यसको संरक्षण र संवर्द्धनमा राज्यको भूमिका प्रभावकारी हुँदैन तबसम्म यसको सार्थकता सिद्ध हुने छैन। मातृभाषाहरूको विकास भएमा मात्रै नयाँ नयाँ कवि, लेखक एवं साहित्यकारहरू चर्चामा आउने छन् र यसले हाम्रो राष्ट्रभाषा नेपालीलाई पनि धनी, समृद्ध एवं व्यापक बनाउनमा सहयोगीको भूमिका निर्वाह गर्नेछ। शिक्षालाई राम्ररी सम्झाउने बुझाउने अनेकौं सूत्र हुन सक्दछ तर मातृभाषा त्यसमा सर्वोपरी हो। मातृभाषाका कथा, लोकगीत, गाउँखाने कथा, कथन, पहेँलीहरू यस्ता माध्यम हुन् जुन प्रत्यक्ष रूपमा हाम्रो स्मृतिको धरातलसँग जोडिएको हुन्छ। त्यसमा किसानको शक्ति हुन्छ। त्यसको बनोट पनि बेग्लै किसिमको हुने गर्दछ। एउटा विशिष्ट सामाजिक एवं मनोवैज्ञानिक बनोट जसमा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालिय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालिय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# घरमा आगलागि हुँदा दुई बालकको जली मृत्यू

पाँचथर । पाँचथरको हिलिहाङ गाउँपालिका-७ माथिल्लो सल्लेरीको एक घरमा आगलागि हुँदा दुई जना बालकको जली मृत्यु भएको छ ।

मृत्यु हुनेमा फिदिम नगरपालिका-५ घर भई मामा घरमा बस्दै आएका सन्तोष खातीको ४ बर्षीय छोरा निशान खाती र छिमेकी कुमार पन्थाकको ५ बर्षीय छोरा सेसे पन्थाक रहेका छन ।

स्थानिय ईन्द्र कुमारी पन्थाकको फुसको छानो भएको ढुङ्गा माटोले बनेको दुई तले घरमा खोले पकाउने क्रममा अचानक घरमा आगलागि हुँदा घर भित्र खेलिरहेका दुबै बालक आगोमा परी जली मृत्यु भएको थियो ।

उक्त आगलागि जिल्ला प्रहरी कार्यालय पाँचथरबाट प्रहरी नायव उपरीक्षक हरि खतिवडाको कमाण्डमा खटिएको प्रहरी टोली र स्थानिय बासीको सहयोगमा नियन्त्रण गरिएको थियो ।

आगलागिबाट घर पुर्ण रुपमा जलि नष्ट हुँदा घर भित्र रहेको अन्न-पात, लत्ता-कपडा, भाडावर्तन समेत गरी करिव ७ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

# श्रीमतीको हत्या गरेको आरोपमा श्रीमान पक्राउ

उदयपुर । उदयपुरको बेलका नगरपालिका-९ भचुवाका २७ बर्षीय बिनोद पौडेललाई आफ्नै श्रीमती २० बर्षीया युनिशा खत्री पौडेलको हत्या गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

बिहीबार बिहान खाना खाई बेलका नगरपालिका-६ स्थितमा रहेको जाल्पा बाबुडुला रमिते सामुदायिक बनमा सगैं घाँस काट्न गएको अवस्थमा पौडेलले खुकुरी प्रहार गरी श्रीमतीको हत्या गरेका थिए । श्रीमतीलाई खुकुरी प्रहार गरी आफैले हत्या गरेको जानकारी गराए पछि हत्या गर्ने पौडेललाई इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाले घटनामा प्रयोग गरेको खुकुरी सहित पक्राउ गरेको थियो ।

श्रीमानको खुकुरी प्रहारबाट मृत्यु भएकि युनिशाको शवलाई पोष्टमार्टमको लागि धरान घोपा पठाएको थियो भने घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# धनकुट्टा नगरपालिकाको दोस्रो नगर अधिवेशन सम्पन्न

धनकुटा, । धनकुटा नगर पालिकाको दोस्रो नगर सभा सोमबार सम्पन्न भएको छ । चार वटा निर्णय तथा प्रस्ताव सर्वसम्मत पारित गर्दै नगर सभा सम्पन्न भएको हो ।

नगर प्रमुख चिन्तन तामाङको अध्यक्षतामा भएको नगरसभामा उपप्रमुख भिमादेवी खनालले प्रस्तावहरु प्रस्तुत गरेकी थिइन् । नगरका प्रवक्ता जम्सेर राईका अनुसार नगर सभाले बिनियोजन ऐन संशोधन गरेको छ । त्यस्तै, गत साउनदेखि हालसम्म नगर कार्यपालिकाले गरेका निर्णयहरुलाई पनि नगर सभाले अनुमोदन गरेको छ ।

सभाले संघ, प्रदेशबाट वा नगरको सञ्चित कोषबाट बजेट प्राप्त भएमा सञ्चालन गर्ने गरी १४ वटा योजना तथा कार्यक्रमलाई स्वीकृति दिने प्रस्ताव पनि पारित गरेको छ ।

बांकी अन्तिम पेजमा...


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित व्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया मोरंग, प्रदेश १


# केपी ओली रोडरेस उपाधि सेना र शसस्त्रको पोल्टामा



विराटनगर । नेपाल खेलकुद महासंघको दोश्रो महाधिबेशनको अवसरमा प्रथम केपी ओशी रोडरेस प्रतियोगिताका उपाधि नेपाली सेना र शसस्त्रको पोल्टामा परेका छन् ।

रोडरेसमा महिला र पुरुष बीच छुट्टा छुट्टै प्रतियोगिता भएकोमा पुरुष तर्फको नेपाली सेना र महिला तर्फको सशस्त्र प्रहरीले बिजय हासिल गरका छन् ।

पुरुष तर्फ भएको खुला दौडमा नेपाली सेनाका मुकेश नेपाली प्रथम, श्रीकाश द्बितीय हुँदै टंक कार्की तृतीय र नागेश्वर अहिर र मिनल कार्की कमश चौथो र पाँचौं भएका थिए ।

त्यसैगरी महिला तर्फको दौडमा सशस्त्र प्रहरीकी फुलमती राना प्रथम, नेपाल प्रहरीकी राममायाँ बुढा द्बितीय, शसस्त्र प्रहरीकी सिमा चौधरी तृतीय, नेपाल प्रहरीकी सुमित्रा चौधरी र भोजपुरकी छेन्नीमायाँ राई चौथो र पाँचौं भएका थिए ।

उनीहरुलाई नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए । प्रथम, द्वितीय, तृतीय, चौथो र पाँचौं हुनेले महिला र पुरुष दुबै समुहका बिजेतालाई कमश ५१ हजार, ३१ हजार, १५ हजार, ८ हजार ५ हजार नगद प्रदान गरिएको केपी ओली खुला दौड (रोडरेस) प्रतियोगिताका संयोजक अनिरुद्र चौधरीले जानकारी दिए ।

प्रतियोगिताका विजेताहरुले ५ किलोमिटर दुरी तय गरिएको थियो । विराटनगरस्थित सहिद रंगशालाबाट शुरु भएको खुला दौड पानीट्यांकी, तीनपैनी, बरगाछी, शनिमन्दिर, जलजला मोड, अस्पताल चोक हुँदै पुन रंगशालामा पुगेर सम्पन्न भएको थियो ।

दौडमा महिला तर्फ १७५ जना र पुरुष तर्फ ४२५ जना प्रतियोगी सहभागी थिए । प्रतियोगितामा सहभागी हुनको लागि नेकपा एमालेका नेताहरु गोकुल बाँस्कोटा, राजेन्द्र गौतम, जीवन घिमिरे, ऋषिकेश पोखरेल तथा खेलकुद महासंघका संयोजक पर्शुराम बस्नेत लगायत सहभागी थिए ।

# एकाईस हेल्थ टिप्स, एक हेल्दी लाइफ स्टाइल के लिए

१. भरपूर नींद ले

७ से ८ घंटे की नींद आप का पूरा दिन तरोताजा कर सकती है। पर इसके लिए आप को रात के समय जल्दी सोना चाहिए और सुबह के समय जल्दी उठना चाहिए ।

२. सुबह उठते ही बिना कुल्ला किए पानी पिए

जब हम सुबह उठते है तो हमारे मुंह की लार मे लयिसोजायम एंजाइम होता है जो की पेट और पाचन तंत्र की सफाई करने मे बहुत सहायक है । अत: सुबह बिस्तर पर उठते ही बिना कुल्ला किए १ लीटर तक गुन(गुना पानी एक(एक घूंट कर पीने से पेट एकदम साफ और हल्का हो जाता है ।

३. हल्की धुप का सेवन

सुबह के समय की धुप का सेवन विटामिन डी का अच्छा श्रोत है जो की शरीर की त्वचा और आखों को स्वस्थ रखने की उत्तम हेल्थ केयर टिप्स है ।

४. सुबह के समय योग आसन और प्राणायाम का निरंतर अभ्यास करे

नियमित रूप से सुबह के समय योग आसन और प्राणायाम का अभ्यास करने से शरीर मे चुस्ती, फुर्ती और चहरे पर निखार रहता है । और रोग कोसों दूर रहते है ।

५. सुबह के समय नाश्ता ज़रूर करे,

एक अच्छी सेहत के लिए सुबह के समय प्रोटीन और कार्बोहाइड्रेट से युक्त भोजन का नाश्ता ज़रूर करे, अगर सुबह आप नाश्ता करते है तो पूरा दिन ऊर्जावान रहता है । जो की अच्छी हेल्थ की निशानी है ।

६. सलाद खाने से आधा घंटा पहले खाए,

सलाद भोजन के पाचन मे बहुत ही सहायक है । क्योंकि सलाद मिनरल्स के अच्छे श्रोत है । सलाद खाने से आधा घंटा पहले खाने से खाने की मात्रा भी कंट्रोल मे रहती है । जो की अच्छे स्वास्थ्य की सबसे अच्छी हेल्थ टिप्स है ।

७. दूध और फलों को अपनी डेली डाइट मे शामिल करे

सुबह और शाम के नाश्ते मे मौसमी फल ज़रूर ले, और रात के खाने के बाद १ गिलास गरम दूध पीने से स्वास्थ्य दिन दुगना और रात चौगुना अच्छा होता है ।

८. खाना खाने के तुरन्त बाद पानी नहीं पीना चाहिए

खाना खाने के बाद हमारे पाचन तंत्र मे जठराग्नि क्रियाशील होती है जो की भोजन को पचा कर उसमे से पोषक तत्व ऊर्जा के रूप मे पूरे शरीर मे पंहुचाते है । लेकिन अगर हम भोजन के साथ या तुरन्त बाद अधिक पानी पीते है तो जठराग्नि मंद हो जाती है और भोजन का पाचन नहीं हो पाता है जिससे ऊर्जा का समन्वय नहीं हो पाता है ।

९. भोजन को चबा(चबा कर खाए,

हमारी मुंह की लार, भोजन के पाचन के लिए उत्तम है । हम भोजन को जितना अधिक चबा(चबा कर खायेंगे उतना अधिक लार के एंजाइम भोजन के साथ मिक्स होंगे,कोशिश करे एक गास खाने को कम से कम ३० से ३५ बार चबा कर खाए, एक अच्छी हेल्थ के लिए बहुत महत्वपूर्ण जानकारी है ।

१०. जमीन पर बैठ कर भोजन करना

जब हम आराम से जमीन पर बैठ कर खाना खाते है तो शरीर की पोजीशन नेचुरल होती है जो की शरीर और पाचन तंत्र को मजबूत बनाता है । साथ ही रीढ़ की हयी और मांसपेशियों को आराम मिलता है ।

११. खाने का तेल बदल( बदल कर उपयोग करे,

खाने के तेल सरसों और सोयाबीन मे ओमेगा ३, और मूंगफली के तेल मे ओमेगा ६ तत्व होते है । इन दोनों तत्वों की नियंत्रित मात्रा शरीर के लिए आवश्यक है । अत: दोनों तत्वों की आपूर्ति के लिए खाने की तेल को बदल कर नियंत्रित मात्रा उपयोग कर हेल्थ को मेन्टेन रख सकते है ।

१२. सप्ताह मे एक बार पूरे शरीर की मालिश करे

शरीर की मालिश, पूरे शरीर मे ऊर्जा और ताजगी का संचार करने का सदियों पुराना प्राकृतिक नुस्का है ।

१३. चीनी और नमक का कम उपयोग करे

चीनी और नमक का अधिक सेवन बीपी और डायबिटीज जैसी की बीमारियों को जन्म देती है । अत : इन दोनों का नियंत्रित मात्रा मे उपयोग करना ही उत्तम हेल्थ टिप्स है ।

१४. चाय, काफ़ी, और सिगरेट का सेवन नहीं करना

शारीरिक और मानसिक स्वास्थ्य की प्राप्ति के लिए हेल्थ टिप्स के रूप मे आज से ही चाय , काफ़ी और सिगरेट का सेवन कम से कम कर दीजिए, क्योंकि इन तीनों मे कैफीन होता है जो शरीर के लिए बहुत हानिकारक होता है ।

१५. रात का खाना भूख से कम और सोने से ३ घंटे पहले खा ले

रात का खाना हमेशा भूख से थोड़ा कम खाना चाहिए, और भोजन को पचा कर ही सोना चाहिए, इसके लिए रात का खाना सोने से कम से कम ३ घंटा पहले खाना होगा,

१६. सप्ताह मे एक दिन उपवास करे

हेल्थ टिप्स इन हिंदी के इस लेख की सबसे महत्वपूर्ण हेल्थ टिप्स ये है की शरीर को डेटोक्स (शरीर शुधि ) करने के लिए सप्ताह मे एक दिन उपवास ज़रूर रखे, क्योंकि उपवास (व्रत ) करने से पाचन तंत्र को आराम करने का समय मिल जाता है ।

१७. शाम को तेज़ पैदल सैर करे

तेज पैदल चलना बहुत अच्छी एक्सरसाइज है । एक अच्छी हेल्थ के लिए डिनर के बाद एक सैर पर ज़रूर जाए ।

१८. अपनी होबी को ज़रूर समय दे

दोस्तों, अपनी सबसे पसंदीदा होबी को एन्जाय करे, क्योंकि होबी को आप मन से एन्जाय करेंगे, यह हेल्थ टिप्स आपके स्वास्थ्य को एक नया आयाम देती है ।

१९. दोस्तों और परिवार के साथ समय व्यतीत करे

दोस्तों, के साथ व्यतित किया हुआ समय बहुत ही खुशनुमा और मजेदार होता है । जिससे आपका मन प्रसन्न होता है । और एक प्रसन्न मन ही एक हेल्थी लाइफ की नीवं है ।

२०. अनावश्यक रूप से किसी बात या काम की चिंता ना करना

तनाव एक दीमक की तरह है जो हमारे स्वाथ्य को भीतर ही भीतर खोखला कर देता है । अत : अनावश्यक तनाव को दूर करके आप बहुत ही अच्छा महसूस कर सकते है ।

२१. व्यस्त रहे और मस्त रहे

अंत मे 'सौ बात एक बात' हम जितना अधिक अपने कार्यो, परिवार, मित्रों, और अपनी रूचि को समय देंगे उतना अधिक हम शारीरिक और मानसिक रूप स्वस्थ रह पायेंगे ।

इस प्रकार दोस्तों हम इन सभी हेल्थ टिप्स को अपने जीवन मे अपना कर एक खुशहाल हेल्थी लाइफ स्टाइल जी सकते है ।

# चोरी मुद्दाका तीन जना फरार प्रतिवादीहरूलाई पक्राउ

विराटनगर । १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगर (रिट) बाट खटिएको प्रहरी टोलीले चोरी मुद्धाका तीन जना फरार प्रतिबादीलाई पक्राउ गरेका छन् ।

चोरी मुद्धामा सम्मानित सुनसरी जिल्ला अदालतको मिति२०७८ असाढ १३ गतेको सजाय निर्धारण फैसला आदेशले २ महिना ४ दिन कैद रहि फरार रहेका सुन्दरहरैचा नगरपालिका-५ मोरङका २६ वर्षीय गोबिन्द बहादुर कठैतलाई गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा फेला पारी पक्राउ गरेको थियो ।

पक्राउ गरेको कठैतलाई सम्मानित सुनसरी जिल्ला अदालत दाखिला गराएकोमा कैद भुक्तानको लागि झुम्का कारागार पठाईएको थियो ।

त्यसैगरी चारी मुद्धामै सम्मानित उच्च अदालत मोरङको मिति २०७६ श्रावण ३१ गतेको सजाय निर्धारण फैसला आदेशले ५९ हजार ५ सय ५० रुपैया जरिवाना भएका बिराटनगर महानगरपालिका-६ रामपुरका १९ बर्षीय पंकज साह र १९ दिन कैद र ८० हजार रुपैया जरिवाना बेरुजु रहि फरार रहेका २४ बर्षीय राजेश साहलाई गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा प्रहरी टोलीले पक्राउ गरेको थियो ।

पक्राउ गरेका उनिहरुलाई सम्मानित मोरङ जिल्ला अदालतमा दाखिला गरिएकोमा प्रतिवादी पंकज साहले जरिवाना वापतको रकम दाखिला गरेकोमा उनलाई छाडिएको र प्रतिवादी राजेश कुमार साहलाई कैद भुक्तानको लागि मोरङ कारागार पठाईएको छ ।

# व्यवसायीक बन्दै ओखलढुंगाका बाखापालक किसान

विराटनगर ।ओखलढुंगाका किसान व्यवसायिक बाखा पालनमा जुटेका छन् । उद्योग मन्त्रालय अन्तर्गत रहेको ग्रामीण उद्यम तथा विप्रेषण आयोजना ( समृद्धि) बाट आर्थिक तथा प्राविधिक सहयोग पाएपछि बाखापालनतर्फ किसानहरु लागेका हुन् ।

जिल्लाका केही किसानले फर्म नै सञ्चालन गरेर व्यवसायिक बाटो समाएका छन् । सिद्धिचरण नगरपालिका वडा नं १० बेतिनीमा रहेको नमुना बाखापालन समूहमा आबद्ध २ जना किसानले फर्म सञ्चालन गर्न सफल भएका हुन् । स्थानीय रमेशकुमार धमलाले हालै समृद्धि बाखा फर्म र बुद्धिकादेवी धमलाले आइतबारे बाखा फर्म सञ्चालनमा ल्याएका छन् । दुवै फर्म सिद्धिचरण नगरपालिकाका मेयर तेजन खनालले उद्घाटन गरेका थिए ।

समृद्धि आयोजनाले ३५ हप्तासम्म समूहमा सञ्चालन गर्ने वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान तालिमबाट अभिप्रेरित भएर फर्म सञ्चालन गर्न सफल भएको आइतबारे बाखा फार्मकी सञ्चालक बुद्धीकादेवी धमलाले बताइन् ।

यहाँको किसान समूहमा समृद्धि आयोजना लागु भएपछि अन्य आधा दर्जन समूह सदस्यले समेत व्यवसायिक फर्म सुरु गर्ने तरखरमा रहेको समूहका अध्यक्ष घनश्याम बाँस्तोलाले जानकारी दिए ।

समृद्धि आयोजना जिल्लाका ११ वटा समूहमा लागु छ । समृद्धि लागु भएका समूहका किसान व्यवसायिक बाखापालनतर्फ जुट्दै आएका छन् । विगत २ वर्ष अवधिमा समूहमा दोब्बर संख्यामा बाखा वृद्धि भएको नमुना बाखापालन कृषक समूहका सचिव ज्ञाननारायण श्रेष्ठले बताउनुभयो ।

समृद्धि आयोजना लागु भएपछि यहाँका विपन्न किसानमा व्यवसायिकता देखिँदै गएको छ । समृद्धिले किसान समूहमा नश्ल सुधार, खोर सुधार, घाँस खेती वित्तीय तथा प्राविधिक शिक्षा तालिम, बजार सञ्जाल विस्तारलगायतका क्षेत्रमा काम गरिरहेको छ ।

# दुर्गम जिल्लाका विपन्न बिरामीलाई निःशुल्क उपचार

विराटनगर । दुर्गम क्षेत्रका विपन्न बिरामीको निःशुल्क उपचार गर्न प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्मा विशेषज्ञ डाक्टरको टोली लिएर सुदूरपश्चिम पुगेका छन् । ग्रामीण क्षेत्रका विपन्न बिरामीलाई निःशुल्क उपचार गराउँन डा.शर्मा १८ जना डाक्टरको टोली लिएर अछाम पुगेका हुन् ।

विराटनगरस्थित नोबेल शिक्षण अस्पताल र काठमाडौंको सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजका सञ्चालक समेत रहेका सांसद शर्माले देशका विभिन्न स्थानमा वर्षौं अघिदेखि निःशुल्क शिविर सञ्चालन गराउँदै आएका छन् । अहिले सुदूर पश्चिमको अछाम र कर्णालीको कालिकोटका विपन्न बिरामीहरुको निःशुल्क उपचारका लागि केएमसीका विशेषज्ञ डाक्टरहरुको टोली लिएर सांसद डा.शर्मा त्यहाँ पुगेका हुन् ।

सुगम क्षेत्रमा भन्दा दुर्गममा उपचार नपाएर विरामीहरु रोगको पीडा सहेर बस्न बाध्य हुने भएकाले उनीहरुलाई निःशुल्क उपचार गरेर सहयोग गर्न सुदुरपश्चिम गएको सांसद शर्माले बताए । 'सुगममा बस्ने र पैसा हुनेलाई त उपचार पाउनु सामान्य कुरा हो, तर दूरदराजका विपन्न नागरिकहरुले पैसा अभावमा उपचार नपाएर पीडा झेल्न बाध्य छन्,' सांसद शर्मा भन्छन्, 'यस्तै दुर्गम क्षेत्रका विपन्न नागरिक हरुलाई निःशुल्क उपचार गराउँन सुदुरपश्चिम आएका छौं, सम्भव हुनेलाई यहीं उपचार गर्छौं, यहाँ उपचार हुन नसक्नेलाई केएमसी र नोबेलमा लगेर आवश्यकता अनुसार ओपनहार्ट सर्जरी, किड्नी ट्रान्सप्लान्टदेखि सबै अप्रेशन र उपचार निःशुल्क गर्छौं ।'

सांसद शर्मासँगै उनकी धर्मपत्नी एवं नोबेल अस्पतालका प्रबन्ध निर्देशक इन्दिरा शर्मा पनि सोही टोलीमा अछाम पुगेकी छन् । डाक्टरहरुको सो टोलीले अछामको तीन स्थान र कालिकोटको एक स्थानमा शिविरमार्फत विरामीको उपचार गर्दैछ । गत आइतवार अछाम पुगेको सो टोली विपन्न विरामीको उपचारका लागि एक साता अछाम र कालिकोटमा खटिने डा.शर्माले बताए । सो टोलीले शिविरमा विरामीको स्वास्थ्य परीक्षणदेखि सामान्य शल्यक्रिया समेत गर्नेछ । विरामीलाई भिडियो एक्सरे, मुटुको जाँच इको र इसीजी, ब्लड टेष्ट लगायत सेवा पनि शिविरमै प्रदान गरिदैछ ।

सो टोलीले अछामको पञ्चदेवल विनायक नगरपालिका सँग सहकार्य गरेर आइतवार र सोमबार विनायकमा शिविर सञ्चालन गरेको छ । दुई दिन सञ्चालित शिविरमा ३ हजार ७ सय ६२ विरामीको निःशुल्क उपचार गरिएको केएमसीका जेनेरल मेनेजर नारायण दाहालले जानकारी दिए । जसमध्ये आँखा, बालरोग, मुटुरोग, स्त्रीरोग, हड्डी र नाक कान घाँटी सम्बन्धी समस्या भएका १८२ जना बिरामीलाई शल्यक्रियाका लागि अस्पताल रिफर गरिएको छ ।

त्यस्तै, अछामको मंगलसेन नगरपालिकासँग सहकार्य गरेर मंगलबार अछाम बहुमुखी क्याम्पसमा गरिएको शिविरमा २ हजार १ सय ३१ विरामीले निःशुल्क उपचार सेवा पाएका छन् । त्यहाँ उपचार सम्भव नभएका ६५ विरामीलाई अस्पताल रेफर गरिएको छ । काठमाडौंबाट विशेषज्ञ डाक्टर आएको थाहा पाएपछि शिविरहरुमा विरामीको भीड लाग्ने गरेको छ ।

अब, अछामको कमलवजार

बाँकी अन्तिम पेजमा...

# पुष्पलाल स्मृति राष्ट्रिय ब्याडमिन्टनमा प्रिन्सको ह्याट्रिक

विराटनगर । नेपाल पुलिस क्लबका प्रिन्स दाहालले विराटनगरमा जारी 'लिनिङ्ग १२ औं पुष्पलाल स्मृति राष्ट्रिय बरियता ब्याडमिन्टन प्रतियोगिता-२०२३' को एकल तर्फ लगातार तीन संस्करणमा जित हात पार्दै ह्याट्रिकका साथ उपाधी उचाल्न सफल भएका छन् ।

नेपाल ब्याडमिन्टन संघको शिर्ष १६ बरियता भित्र रहेका पुरुष एकल तर्फको खेलमा आर्मीका प्रफुल महर्जनलाई पराजित गर्दै राष्ट्रिय च्याम्पियन पुलिसका प्रिन्स दाहालले उपाधी उचालेका हुन । प्रिन्सले प्रफुललाई २१-१४, २१-१७ ले पराजित गर्दै उपाधी उचालेका हुन् । पहिलो सेट सहज जित निकालेका दाहालले दोश्रो सेटमा १-८ ले पछि परेको अवस्थालाई सुधार गर्दै २१-१७ को जित निकाल्दै खेललाई आफ्नो पक्षमा पारेका थिए । प्रिन्सको ८ दिन भित्रमा यो प्रफुल माथिको दोश्रो जित हो । यस अघि ईटहरीमा सम्पन्न प्रथम मुख्यमन्त्री सगरमाथा राष्ट्रिय बरियता ब्याडमिन्टन प्रतियोगितामा पनि प्रफुललाई हराउँदै प्रिन्सले उपाधी उचालेका थिए । यस विधामा पुलिसका बिष्णु कटुवाल र आर्मीका रुकेश महर्जन संयुक्त तेश्रो भएका थिए ।

विजयी भएका प्रिन्सले नगद ५० हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे । यस्तै उपविजयी प्रफुलले नगद ३० हजारमा चित बुझाए । तृतीय स्थान प्राप्त गर्ने बिष्णु कटुवाल र रुकेश महर्जनले क्रमश १४ हजार र १२ हजार ५ सय सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे । बिजयी खेलाडीहरुलाई पूर्व प्रधानमन्त्री नेकपा एमालेका अध्यक्ष के.पी. शर्मा ओलीले पुरस्कार वितरण गरेका थिए ।

महिला एकलमा आर्मीकी अनुमायाँ

नेकपा एमालेको भातृसंस्था नेपाल खेलकुद महसंघ अन्तरगत रहेको नेकोस राष्ट्रिय ब्याडमिन्टन संघको आयोजना मा भएको महिला शिर्ष १२ बरियता भित्रको एकल तर्फ आर्मीकी अनुमाया राईले ८ दिन अघि ईटहरीमा सम्पन्न प्रथम मुख्यमन्त्री सगरमाथा राष्ट्रिय बरियता ब्याडमिन्टन प्रतियोगिताकी उपाधी विजेता एपिएफकी जेशिका गुरुङलाई १८-२१, २१-१७, २१-६ ले पराजित गर्दै उपाधी हात पारेकी हुन् । अनुको यो जितका साथ पुष्पलाल स्मृति राष्ट्रिय बरियता ब्याडमिन्टन प्रतियोगितामा लगातार दोश्रो जित हो । यस बिधाको तेश्रो स्थानमा राष्ट्रिय च्याम्पियन आर्मीकी रशिला महर्जन र प्राथना देउवा रहे ।

बिजयी अनुमाया राईले नगद ५० हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरिन् । यस्तै उपबिजयी जेशिका गुरुङ्गले नगद २८ हजार ५ सय सहित मेडल, ट्रफी र प्रमाणपत्र, तृतीय स्थान हासिल गर्ने रशिला महर्जनले नगद १२ हजार ५ सय र प्राथना देउवाले नगद ११ हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे ।

लगातार तीन संस्करणमा जित हात पार्ने खेलाडीलाई राष्ट्रिय ब्याडमिन्टन संघ नेपालले स्कुटर प्रदान गर्ने घोषणा बमोजिम अर्को संस्करणको उद्घाटनका अवसरमा प्रिन्सलाई स्कुटर प्रदान गरिने छ ।

पुरुषको शिर्ष १६ बरियता देखि बाहेकको पुरुष एकलमा आर्मीका पविन लिनथेपलाई पराजित गर्दै एपिएफका सुजन थापाले उपाधी हात पारे । थापाले लिनथेपलाई २१-१५, २१-१३ ले पराजित गरेका थिए । आर्मीका हिमाल चन्द र एपिएफका प्रनिश सिंह ठकुरीले तेश्रो स्थानमा चित्त बुझाए ।

महिला शिर्ष १२ देखि बाहेकको एकल तर्फको खेलमा आर्मीकी बिश्ना बिष्टले झापाकी अन्जना राईमाथि १९-२१, २१-१९, २१-१९ को कठिन जित निकाल्दै उपाधी कब्जा गरेकी हुन् । पाँचथरकी रिना तामाङ र आर्मीकी टिशा रानी शाक्य संयुक्त तेश्रो भए ।

पुरुष यु १७ तर्फको प्रतिस्पर्धामा एपिएफका रोशन साउदले जित हात पार्दै उपाधी उचाले । साउदले फाइनलमा आर्मीका अनिल मल्ललाई २१-११, २१-१५ ले पराजित गर्दै उपाधी उचालेका हुन् । आर्मीका कविर के.सी. र दाङका सनौला रैनी संयुक्त तेश्रो भए ।

महिला यु १७ तर्फ आर्मीकी रिहाना शेरचनले आर्मीकै टिशा रानी शाक्यलाई २१-१०, २१-१६ ले पराजित गर्दै उपाधी कब्जा गरिन् । कास्कीकी निभा राई र ताप्लेजुङ्गकी नुमा लिम्बुले संयुक्त तेश्रो स्थान प्राप्त गरे ।

पुरुष ४५ बर्ष माथिको प्रतिस्पर्धामा काठमाण्डौका संजय कपाली र श्याम लामाको जोडीले उपाधी जिते । कपाली र लामाको जोडीले कास्कीका राजेश गुरुङ र बाँकेका अनिल लाखेको जोडीलाई २२-२४, २१-१२, २१-१६ ले पराजित गर्दै उपाधी जितेका हुन् । सुनसरीका भजनलाल चौधरी र ईटहरीका सन्त तामाङ तथा बेलबारीका दीपक आङ्गदम्बे र मोरङका बिकास श्रेष्ठको जोडी संयुक्त तेश्रो भए ।

पुरुष ५५ बर्ष माथिको प्रतिस्पर्धामा पाँचथरका रामराज आङ्गदम्बे र संजय भक्तराजको जोडीले जित हात पार्दै उपाधी उचाले । फाईनलमा आङ्गदम्बे र भक्तराजको जोडीले कास्कीका रमेश भट्टचन र खोटाङका दीपक राईको जोडीलाई १७-२१, २१-११, २१-१० ले पराजित गरेका हुन् । बि.बि.सी.का केशव कार्की र आर.के. सिंहको जोडी तथा सुनसरीका गणेश राई र भोजपुरका दान बहादुर तामाङको जोडी संयुक्त तेश्रो भए ।

शहिद रङ्गशालास्थित कभर्डहलमा फागुण २ देखि ७ गते सम्म आयोजना भएको प्रतियोगिताको सह-आयोजकमा मोरङ्ग जिल्ला ब्याडमिन्टन संघ रहेको थियो भने मुख्य प्रायोजकमा ब्याडमिन्टन खेल सामाग्री उत्पादन संस्था लिनिङ्ग थियो । प्रतियेगिताको सहप्रायोजकमा बिराटनगर महानगरपालिका, नेपाल टेलिकम रहेको थियो भने नेपाल खेलकुद महासंघले खेलाडीहरुका लागि खाने बस्ने ब्यवस्था गरेको थियो ।

नेपाल ब्याडमिन्टन संघको प्राविधिक सहयोग रहेको प्रति योगितामा शिर्ष १६ बरियतामा रहेका पुरुष एकल, शिर्ष १२ बरियतामा रहेका महिला एकल, शिर्ष १६ बरियता बाहेकका पुरुष एकल, शिर्ष १२ बरियता बाहेकका महिला एकल, पुरुष र महिला युगल, यु-१७ छात्र र छात्रा एकल, भेट्रान ४५ बर्ष माथी र ५५ बर्ष माथी गरि १० बिधामा करिव १९२ खेलाडीहरुको सहभागिता रहेको थियो ।

करिव २४ लाख ८४ हजारको लागत रहेको प्रतियोगिताको पुरस्कार रासी ५ लाख ९८ हजार रहेको छ । जस अन्तरगत शिर्ष १६ बरियता पुरुष र शिर्ष १२ बरियता महिला तर्फको खेल लिग कम नकआउटका आधारमा भएको थियो ।

यस बिधामा खेल्ने खेलाडी हरुले खेलमा सहभागिता जनाउने बित्तीकै नगद १ हजार ५ सय प्राप्त गरे । यसैगरि लिग चरणमा प्रत्येक जित बापत थप १ हजार ५ सय प्राप्त गरे । क्वाटरफाईनल जित्ने खेलाडीले थप ८ हजार, सेमिफाईनल जित्ने खेलाडीले थप १६ हजार जिते । फाईनल जित्ने खेलाडीले थप २० हजार र उपविजेताले थप ५ हजार प्राप्त गरे । यस्तै उच्च बरियता बाहेकका महिला र पुरुष एकल, महिला र पुरुष युगल, भेट्रान ४५ बर्ष माथि र ५५ बर्ष माथिका प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः नगद २० हजार, १० हजार र ५ हजार तथा यु-१७ छात्र तथा छात्रा एकल तर्फका प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः १५ हजार, ८ हजार र ४ हजार नगदका साथै मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे ।

पुरुष युगल तर्फको खेलमा आर्मीका बिष्णु कटुवाल र प्रिन्स दाहालको जोडीले एपिएफका बिजीत थापा मगर र पुलिसका जीवन आचार्यको जोडीलाई पराजित गर्दै पुरुष युगल तर्फको उपाधी उचाले । बिष्णु र प्रिन्सको जोडीले बिजीत र जीवनको जोडीलाई १४-२१, २१-९, २१-१७ ले पराजित गरेका हुन् । आर्मीका प्रफुल महर्जन र रुकेश महर्जनको जोडी तथा कास्कीका बिधान अधिकारी र पविन लिनथेपको जोडी संयुक्त तेश्रो भए ।

महिला युगल तर्फ एपिएफ की शोभा गौचन र पुलिसकी निता लम्सालको जोडीलाई पराजित गर्दै त्रिभुवन आर्मीका प्राथना देउवा र अनुमाया राईले उपाधी उचाले । देउवा र राईको जोडीले गौचन र लम्सालके जोडीलाई २१-१२, २१-१९ ले पराजित गरेका हुन् । तृतीय स्थानमा एपिएफका जेशिका गुरुङ र सुनयना मुखियाको जोडी रहे ।

# लागुऔषध सहित पाँच पक्राउ

बिराटनगर । झापा र मोरङको छुट्टा छुट्टै स्थानबाट प्रतिबन्धित लागुऔषध सहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

झापाको भद्रपुर नगरपालिका-५ स्थितमा अस्थायी प्रहरी बिट मेचीपुलबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा मे. ६ प ६२ नम्वरको मोटरसाईकलमा भारतबाट नेपाल तर्फ आउदै गरेका बिर्तामोड-५ का २९ बर्षीय सुरज कुंवर र ३४ बर्षीय सुरेश श्रेष्ठलाई ४ ग्राम २२ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय दमकको प्रहरी टोलीले कमल गाउँपालिका-४ का ३५ बर्षीय पुर्ण बिक्रम लिम्वुलाई १ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

लागु औषध ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर १५ र १६ स्थितमा भारतबाट नेपाल तर्फ आउदै गरेका को.३१ प ६६५३ नम्बरको मोटरसाईकलमा सवार ट्याम्केमयुम-२ भोजपुरका ३४ बर्षीय प्रबिन राईको साथबाट ०.२२ ग्राम ब्राउन सुगर र प्रदेश १-०४-००१ प ८६५१ नम्बरको मोटरसाईकलमा सवार धरान -५ का २९ बर्षीय उज्वल हल्वाईको साथबाट १.७२ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो । प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका उनिहरुको सम्वन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।

# ‘मेरो गाउँ, मेरो ठाउँ’ प्रतियोगिताको लागि भिडियो अह्वान

विराटनगर । ‘मेरो गाउँ, मेरो ठाउँ’ प्रतियोगिता २०२३ को दोस्रो संस्करणका लागि शुक्रबारबाट भिडियो आह्वान भएको छ ।

वृत्तचित्र निर्माणका लागि २०७९ फाल्गुण १२ बाट ७० दिन अर्थात २०८० बैशाख २१ गतेसम्मका लागि समय दिइएको छ । विजेता प्रतियोगिहरुको घोषणा १३ जेष्ठ २०८० का दिन काठमाण्डौंमा भएको छ ।

मुलुकमा रोजगारी सिर्जना गरिबी निवारण तथा समावेशी विकास समेतको दुष्टिले पर्यटन क्षेत्र अर्थतन्त्रको एक महत्वपूर्ण आयाम रहेको छ ।

पर्यटकीय दृष्टिकोणले प्रचुर सम्भावना भएरपनि ओझेलमा परेका कुनैपनि महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक सम्पदा, भेषभुषा, जातजातिको पहिचान, खानपान, कलासंस्कृति लगायतका विषय वस्तुमा केन्द्रित रही वि विल राईज फाउण्डेसनले राष्ट्रव्यापी वृत्तचित्र प्रतियोगिता ‘मेरो गाउँ, मेरो ठाउँ’को आयोजना गर्दै आएको छ ।

सन् २०१९ मा पहिलोपटक आयोजित प्रतियोगितामा देशैभरबाट उत्साहजनकरुपमा १३२ वृत्तचित्र सहभागी थिए । पछिल्लोपटक सन् २०२० मा प्रतियोगिताका लागि भिडियो आह्वान भएपनि विश्वभर फैलिएको कोभिड १९ महामारीका कारण कार्यक्रम स्थगित भएको थियो ।

कोरोनाका कारण थलिएको पर्यटन क्षेत्रलाई उकास्न र यस क्षेत्रलाई चलाएमान बनाउन यस्ता कार्यक्रमको उपादेयता अझ बढेर गएको छ । यस प्रतियोगिताले देशैभर ओझेलमा रहेका पर्यटकीय थलोहरु पहिल्याउन महत्वपूर्ण भूमिका खेल्ने हाम्रो ठम्याई छ । प्राप्त वृत्तचित्रहरुको उचित प्रचार प्रसार गर्नसके यो आन्तरिक तथा बाह्य पर्यटन प्रर्बद्धनका लागि ठूलो सहयोगी हुनसक्नेछ ।

भिडियो निर्माताहरुले प्रचुर पर्यटकीय सम्भावना भएरपनि ओझेलमा परेका कुनैपनि गाउँ ठाउँको प्राकृतिक, सांस्कृतिक सम्पदा, भेषभुषा, खानपान, कलासंस्कृति, जातजातिको

वांकी अन्तिम पेजमा...


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

ग्रामथान गाउँपालिकाको कार्यालय,मोरंग, प्रदेश १


# अनुशासन र इमान्दारीता नै जितका आधार : ओली



बिराटनगर । खेलकुदमा मात्रै नभई जुनसुकै क्षेत्रमा अनुशासन र इमान्दारीता नै जितको आधार भएको नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वताए ।

विराटनगरमा शुरु भएको नेपाल खेलकुद महासंघको दोश्रो महाधिबेशनलाई सम्बोधन गर्दै ओलीले सो कुरा वताएका हुन् । अनुशासन र इमान्दारीता नभएका ब्यत्तिलाई खेल क्षेत्रमा नलाग्न समेत आग्रह गरेका छन् । कुनै ओहदामा भएर मात्र कसैले ताज र गोल्डेन बुट नपाउने भन्दै ओलीले ईमान्दारीताको साथ कर्मले सफता प्राप्त हुने बताए । ओलीले भने पद पाउने कुरामा होडमा नलागी कामको उत्कृष्टतामा लाग्न आग्रह गर्दै ‘कामले पद दिन्छ, काम गर्न सक्नु भएन भने पद जान्छ, उनले भने, पद क्षणिक हुन्छ कामले तपाईलाई जीवन पर्यन्त सम्झाई रहन्छ ।’

खेलका गतिबिधि हुन नसकेको सुनाउँदै ओलीले पार्टीको समस्या र झमेला अन्त भएपछि नेपाल खेलकुद महासंङले गति लिएको उल्लेख गरे । महासंघले खेलाडीलाई प्रोत्साहित गर्ने, तालिम दिने र खेलाडीले प्रगतिमा केन्द्रीत हुनु पर्ने बताए ।

खेल क्षेत्रमा देखिएका समस्या समाधान र खेल क्षेत्रको विकास गर्न एमालेले मद्दत गर्ने ओलीले आश्वासन दिए ।

‘खेलको अभ्यासले मानिसलाई अभ्यस्त बनाउँछ, उनले भने, कसरी लड्ने कसरी पछारिने अभ्यासले मानिसलाई सफल बनाउने छ । सबैभन्दा ठुलोकुरा आफ्नो काम प्रति ईमान्दार हुनु पर्छ ।’ खेलमा निष्पक्षता र न्याय दिनु पर्ने बताएका ओलीले खेलकुदमा अनुशासन नभएका ब्यक्तिहरुलाई खेल क्षेत्रमा नबस्न आग्रह गरे ।

‘खेलमा आक्रमण हैन प्रतिरक्षा हुन्छ, उनले भने, शान्त स्वाभाभावका खेलाडीहरु परिआएको बेला पछि नहट्ने खालको हुन्छन् ।’ महासंङले सबै खेलको समुचित विकास गर्न सक्नु पर्ने बताए ।

## खेलको ईतिहास १५ हजार बर्ष पुरानो

नेकपा एमालेका अध्यक्ष ओलीले १५ हजार बर्षदेखि खेलकुदको ईतिहास शुरु भएको बताएका छन् । १५ हजार बर्ष पहिला पशुपालनको युगसँगै घोडा चराउन थालिएको ईतिहास सुनाएका ओलीले घोडा चढेर सिकार खेल्दै जाँदा आवागमनको रुपमा तालिम दिएपछि घोड सवार शुरु भएको र त्यहीँदेखि खेलको शुरुवात भएको बताए । ‘सत्य युगहुँदै आधुनिक युगमा आउँदासम्म ८ हजार बर्षदेखि नयाँ खेलहरु विकास हुँदै आए, उनले भने, ७/८ हजार बर्ष पहिलादेखि स्विमिङको भग्नावशेष पाईन्छ ।’

उनले जीवनको लागि स्वीमिङ र बाँच्नको लागि दौड अनिवार्य भएको बताए । सिंह र हरिणको कथा सुनाएका एमाले अध्यक्ष ओलीले सिंहभन्दा छिटो हरिण दौडिएन भने हरिण मर्छ हरिण भन्दा छिटो सिंह दौडिएन भने सिंह भोकै मर्छ त्यसैले दौडको अभ्यासले अभ्यस्त बनाउन सक्नु पर्ने बताए ।

ओलीले राणा, राजा र महाराजा तानाशाहीहरुले खेललाई समाप्त पारेको आरोप लगाए । ‘राजा महाराजाहरुले आफैलाई कुस्ती सिकाउने गुरूलाई हत्या गरेका थिए, उनले भने, तानाशाहीले अन्त्य गरेको खेलकुदको गतिबिधि प्रजातन्त्र पछि शुरु भएको हो ।’

नेपाल खेलकुद महासंघका संयोजक पर्शुराम बस्नेतले खेल क्षेत्रको एउटा भब्य उत्सव विराटनगरमा शुरु भएको बताए । १० बर्षसम्म हुन नसकेको महाधिबेशनलाई भब्य रुपमा विराटनगरमा उद्घाटन भएको बताए ।

नेपाल खेलकुद महासंघको महाधिबेशनको बन्द सत्र आज शुरु हुने जनाईएको छ । महाधिबेशनले नयाँ नेतृत्व चयन गर्ने महासंघका प्रदेश ईन्चार्ज सन्तोष वान्तवाले जानकारी दिए ।

## २१ औं...

अस्मिता पनि निहित हुन्छ । जब कुनै महादेशको पीडाको वर्णन गरिनेछ अनि कुनै मौलिक लेखकले आफ्नो मातृभाषामा जति अनुकूलता, तीव्रता एवं तीक्ष्णतापूर्वक आफ्नो भनाइलाई व्यक्त गर्न सक्नेछ, त्यति अन्य भाषामा होइन । आत्म अन्वेषणको गहिराइ जति मातृभाषामा हुन्छ, त्यति अन्य भाषाहरूमा होइन । अन्य भाषामा पनि आफ्नो कुरालाई राख्न सकिन्छ तर मातृभाषा जति मार्मिकता त्यसमा हुँदैन ।

मातृभाषामा एउटा खास किसिमको तत्त्व जोडिएको हुन्छ, जसले गर्दा त्यसको सम्प्रेषणीयता त्यो भाषा बोल्नेहरूको निम्ति निकै मार्मिक हुन जान्छ ।

शिक्षामा मातृभाषाको प्रयोगबाट आफ्नो परिवेश तथा पर्यावरणको बोध हुन्छ । सम्बद्धीकरणको प्रक्रियामा बलियोपन आउँछ, त्यसमा पृथकता अनुभूति हुँदैन । मातृभाषामा त्यो मौलिक लय प्रकट हुन्छ जो प्रकृति एवं परिवेशसँगै सामाजिक सङ्घर्षमा पनि प्रकट हुने गर्दछ । जसमा प्रकृति एवं परिवेशसँगै सामाजिक सङ्घर्ष पनि प्रकट हुने गर्दछ । त्यसमा साहित्य एवं संस्कृतिको सकारात्मक, मानवीय जनतान्त्रिक तत्त्व पनि प्रकट हुन्छ । आफ्नो संस्कृतिको जरोमा पुगेर हामीलाई आत्मविश्वासको अनुभूति हुने गर्दछ । उधारोमा लिइएको भाषाले हाम्रो साहित्य एवं कलालाई विकसित गर्न सकिन्न । वर्तमान अवस्थामा पश्चिमीकरणको प्रभाव चारैतिर छ । यसले हाम्रो मौलिकतामाथि ठूलो प्रहार गरिरहेको छ । मातृभाषामा आफ्नो माटोको सुगन्ध आउँछ जुन विदेशी भाषामा सम्भव हुन सक्दैन । मातृभाषा आफ्नो आमाबाबुबाट व्यक्तिले प्राप्त गर्ने भाषा हो ।

मातृभाषाले एक बेग्लैथरिको सांस्कृतिक आचरण प्रदान गर्छ, जुन कुनै अन्य भाषामा सम्भव हुन सक्दैन । मातृभाषामा एउटा खास किसिमको तत्त्व जोडिएको हुन्छ, जसले गर्दा त्यसको सम्प्रेषणीयता त्यो भाषा बोल्नेहरूको निम्ति निकै मार्मिक हुन जान्छ । यो प्रश्न इतिहास र संस्कृतिसँग पनि जोडिएको हुन्छ । तसर्थ शिक्षा अध्ययनको क्षेत्रमा यसको महत्त्व छ । संस्कृतिको अर्थ विश्वलाई केवल विम्बको रूपमा व्यक्त गर्नु मात्रै होइन अपितु ती विम्बहरूमार्फत व्यक्त संसारलाई नूतन दृष्टिबाट हेर्ने दृष्टिकोण विकसित गर्नु पनि हो । वर्तमान युगमा अङ्ग्रेजीको बढ्दो प्रचार प्रसार एवं व्यापकताका कारण हामीलाई आफ्नो मातृभाषाप्रति हीनताको अनुभूति हुन सक्छ र हामी त्यस भाषाको प्रभुत्वलाई बखान गर्न थाल्दछौँ । फलस्वरूप हामी त्यस भाषासित बाँधिन जान्छौँ र आफ्नो मातृभाषालाई नै तिलाञ्जलि दिइरहेका हुन्छौँ । मेरो सन्तानलाई त आफ्नो मातृभाषा बोल्न नै आउँदैन भनेर गर्व गर्ने आमा-बुबाहरू यथार्थमा आफूलाई नै कमजोर बनाइरहेका हुन्छन् किनभने अन्ततः प्रत्येक व्यक्तिको मान सम्मान र पहिचान त्यसको मातृभूमि र मातृभाषामार्फत नै भइरहेको हुन्छ । संस्कृति आफैँमा पनि इतिहासको अभिव्यक्तिको उत्पादन हो । मातृभाषाको आफ्नो छुट्टै तर विशेष पहिचान हुने गर्दछ । मातृभाषाको मान्यता एवं महत्त्व रहेन भने हाम्रो संस्कृति पनि नाश हुन बेर लाग्दैन । यदि मातृभाषालाई शिक्षाको आधार बनाइन्छ भने सामुदायिकतामा आबद्ध वर्ग, आफ्नो भाषा, साहित्य, धर्म, कला, नाटक, मूल्य एवं एउटा यस्तो शिक्षा प्रणाली विकसित गर्न सफल हुने छन्, जसले इतिहास एवं भूगोललाई एक पुस्ताबाट अर्को पुस्तामा सजिलै हस्तान्तरण गर्न सक्नेछ ।

शिक्षा एवं संस्कृति वर्गीय असमानतालाई समाजको आर्थिक जगमा व्यक्त गर्ने गर्दछ । वास्तवमा वर्गीय समाजमा दुईथरिका शिक्षाबीच सङ्घर्ष हुने गर्दछ । पहिलोमा त औपनिवेशिकताबाट ग्रसित संस्कृति पक्षको निम्ति मातृभाषाको आवश्यकता नै हुँदैन । उनीहरू यस्तै भाषालाई रोज्ने छन् जसले तिनको वर्गीय हितको प्रतिनिधित्व गर्न सकोस् । दोस्रोमा आफ्नै देश र समाजमा मातृभाषामा बोलेकै कारण सजाय एवं अपमान भोग्नेहरू पनि छन् ।

मातृभाषाको माध्यम भन्नाले जनतासित प्रत्यक्ष सरोकारको माध्यम हो । यसमा त्यस समुदायको सामाजिक एवं राजनीतिक निहितार्थ पनि बोध भइरहेको हुन्छ । त्यसैले शिक्षामा यसको गहिरो औचित्य छ ।

शिक्षाको मूल लक्ष्य नै हो, त्यो सौन्दर्यबोधमा हाम्रा लोककथाहरू, हाम्रा सपना, विज्ञान एवं हाम्रा भविष्यको कामना निहित होस् । अन्य भाषाहरूलाई अपनाउनु अथवा त्यसमा अभिव्यक्ति दिनु नराम्रो होइन तर मातृभाषालाई कमजोर पार्ने अथवा समाप्त पार्ने काम गर्नु भएन । हाम्रो अस्मिता, साहित्य, सिर्जनात्मकताको सर्वोच्च वैभव मातृभाषामा नै सम्भव हुन सक्छ । मातृभाषा जीवन्त अभिव्यक्ति तथा शिक्षाको सबैभन्दा उत्तर र सुन्दर माध्यम हो । नेपालजस्तो सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक देशमा मातृभाषाहरूले समुचित महत्त्व, संरक्षण र अवसर पाउनु आजको आवश्यकता र समयको माग पनि हो । रातोपाटीवाट